# सिमान्तकृत समुदाय लक्षित कार्यक्रम
# कार्यान्वयन कार्यविधि, २०७२

(नेपाल सरकार सचिवस्तर मिति २०७२/०८/०३ को निर्णय अनुसार स्वीकृत)

नेपाल सरकार
कृषि विकास मन्त्रालय
मंसिर, २०७२



सचिव

# सिमान्तकृत समुदाय लक्षित कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७२

## पृष्ठभूमि

नेपाल बहुजातिय, बहुभाषिक तथा भौगोलिक विविधतायुक्त देश हो । कृषि अर्थतन्त्रले समग्र देशको अर्थतन्त्रलाई महत्वपूर्ण योगदान पुऱ्याएको छ । छैठौं कृषि गणना अनुसार ३८ लाख भन्दा धैरै कृषक घरधुरी रहेको तथ्याङ्कले करिब ७० प्रतिशत घरधुरी कृषकको भएको देखिन्छ । खेतीयोग्य जग्गाको आकारको आधारमा स्वामित्वको विविधता रहेको छ । यस अवस्थामा अधिकांश कृषि पेशामा संलग्न रहेका कम जग्गा भएका, भूमिहिन र सिमान्तकृत समुदायका युवा तथा जनतालाई कृषि पेशामा आकर्षित गरी खाद्यसुरक्षामा सहयोग पुऱ्याउनु परेको छ ।

प्रस्तुत सन्दर्भमा आ.ब. २०७२/७३ को नेपाल सरकारको बजेट बक्तव्यको बुँदा नं. ३० मा "राउटे, चेपाङ्ग, मुसहर तथा भूमिहिन, मुक्त कमैया, हलिया, कमलरी लगायतका सिमान्तकृत युवाहरुलाई लक्षित गरी व्यवसायिक कृषि कार्यक्रम संचालन गरिनेछ" उल्लेख भएको छ । उक्त बुँदा अनुसार कार्यक्रम कार्यान्वयनका लागि प्रस्तुत कार्यविधि तयार गरिएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

(क) यो कार्यविधिको नाम **"सिमान्तकृत समुदाय लक्षित कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७१"** रहेको छ ।

(ख) यो कार्यविधि कृषि विकास मन्त्रालयबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

**क)** **"लक्षित कार्यक्रम"** भन्नाले अनुसूची-१ बमोजिका समुदायका कृषकहरुलाई कृषि क्षेत्रमा आकर्षित गर्न प्रविधि, तालिम तथा बीउ पूँजि सहितको व्यवसायिक तरकारी खेती, मत्स्यपालन, मौरीपालन र च्याउ खेती/ उत्पादन भन्ने बुझ्नु पर्दछ ।

**ख)** **"लक्षित कृषक"** भन्नाले लक्षित कार्यक्रम संचालन गर्न चाहने नेपाली नागरिक भन्ने बुझ्नु पर्दछ ।

**ग)** **"समिति"** भन्नाले जिल्ला कृषि विकास समितिलाई जनाउदँछ ।

**घ)** **"सम्बन्धित जिल्ला"** भन्नाले स्थायी वा अस्थायी रुपमा बसोबास गरी तोकिएको कृषि कार्यक्रम सञ्चालन गर्ने अनुसूची-२ बमोजिमका जिल्ला सम्झनु पर्दछ ।

**ङ)** **"संयोजक"** भन्नाले सम्बन्धित जिल्लाका प्रमुख (बरिष्ठ कृषि विकास अधिकृत) बाट तोकिएका अधिकृत भन्ने सम्झनु पर्दछ ।

३. उद्देश्यः यस कार्यविधिका उद्देश्य देहाय बमोजिम रहेको छः-

(क) आर्थिक, सामाजिक तथा भौगोलिक रुपले पछाडी परेका समुदायलाई कृषि कर्ममा संलग्न गराउने ।

(ख) कृषि उद्यमको माध्यमबाट स्थानीयस्तर रोजगारीको अवसरहरु श्रृजना गर्न सहयोग पुऱ्याउने ।

## परिच्छेद-२
## कार्यक्रम सञ्चालन विधि

४. लक्षित कृषकहरुले यस कार्यविधि अन्तर्गत देहाय बमोजिमका कार्यक्रमहरु सञ्चालन गर्न छन् ।

क) व्यावसायिक तरकारी उत्पादन कार्यक्रम

ख) मौरीपालन कार्यक्रम

ग) च्याउ उत्पादन कार्यक्रम

घ) माछापालन कार्यक्रम

सचिव

५. **कार्यक्रम छनौटका आधारहरु** :

लक्षित कार्यक्रम सञ्चालनार्थ युवा कृषक तथा क्षेत्र छनौटका आधारहरु देहाय बमोजिम हुनेछन् ।

क) लक्षित कृषकले दफा ४ बमोजिमको कार्यक्रम संचालन गर्ने स्थल प्राविधिक, भौगोलिक तथा आर्थिक दृष्टिकोणले उपयुक्त हुनुपर्ने छ ।

ख) कार्यक्रमको लागि जमीन आफ्नै वा भाडामा लिएर गर्न सकिने छ ।

ग) कार्यक्रम छनौट गर्दा जिल्ला कृषि विकास कार्यालयले निर्धारण गरेको पकेट क्षेत्र वा सो आसपासका क्षेत्रलाई प्राथमिकता दिईने छ ।

घ) छनौट भएका कार्यक्रमहरु एकै तथा सम्बन्धित आर्थिक वर्ष भित्र पुरा हुनुपर्दछ ।

६. **कार्यक्रम संयोजक र निजको दायित्व** :

लक्षित कार्यक्रम सञ्चालनार्थ कार्यक्रम संयोजक र निजको दायित्व देहाय बमोजिम हुनेछ ।

क) लक्षित कार्यक्रमको लागि जिल्ला कृषि विकास कार्यालयका प्रमुखले कुनै एक अधिकृतलाई संयोजक तोकी जिम्मेवारी दिनु पर्नेछ ।

ख) संयोजकले जिल्लामा देखिएका समस्या हेरी सम्बन्धित विषय विशेषज्ञ र कृषि सेवा केन्द्रको सहयोगमा निरीक्षण, अनुगमन, समस्या समाधान जस्ता कार्यहरु गर्नुपर्नेछ ।

ग) प्रत्येक कार्यक्रम सम्बन्धी भए गरेका कार्यहरुको अभिलेख राख्नुपर्नेछ ।

७. **लक्षित कार्यक्रम सञ्चालन प्रकृया:**

लक्षित कार्यक्रम सञ्चालनार्थ कार्यक्रम सञ्चालन प्रकृया देहाय बमोजिम हुनेछ ।

क) **सूचना प्रवाह:** जिल्ला कृषि विकास कार्यालयले कार्यक्रम सञ्चालन गर्दा अपनाउनु पर्ने आधारहरु तथा कार्यविधी बारे, स्थानिय पत्र पत्रिका, कृषि सेवा केन्द्र, गा.वि.स. तथा स्थानीय एफ.एम. मार्फत अनुसूची- ३ बमोजिमको ढाँचामा सूचना प्रवाह गराउनु पर्नेछ ।

ख) कार्यक्रम संचालन र आसयपत्र: लक्षित कार्यक्रम सञ्चालनको लागि लक्षित वर्गबाट अनुसूची- ४ बमोजिमको ढाँचामा आसयपत्र संकलन गरिनेछ । संयोजकले सम्बन्धित लक्षित बर्गबाट मौखिक अनुरोधको आधारमा समेत आसय पत्र तयार गर्नको लागि सहजीकरण गरिदिनुपर्ने हुन्छ ।

ग) **छनौट प्रक्रिया** : जिल्ला कृषि विकास कार्यालयले दफा ७ (ख) बमोजिम लक्षित कार्यक्रमबारे संकलित आसय पत्रको आधारमा आयोजना छनौट प्रक्रिया अगाडि बढाउँदा अनुसूची-५ मा उल्लेखित सूचकहरुको आधारमा मूल्याङ्कन गरी स्थलगत अवलोकन प्रतिवेदन तयार गरी जिल्ला कृषि विकास समितिमा पेश गर्नुपर्ने छ । प्राथमिकिकरणका स्वीकृत कार्यक्रमलाई अनुसूची-६ बमोजिम सम्झौता गराई कार्यक्रम संचालन गराइनेछ ।

घ) **अनुदान रकम प्रवाह प्रक्रिया** : अनुदान सहयोगको रकम र उपलब्ध गराउने प्रक्रिया देहाय बमोजिम हुनेछ ।

तालिका १: अनुदान रकम र व्यवसाय संचालन विवरण

| क.सं. | विवरण | अनुदान रकम | कैफियत |
|---|---|---|---|
| १. | जग्गा भाडा | १०० प्रतिशत अनुदान | जग्गा भाडामा लिई व्यवसायिक खेती गर्ने लक्षित समुदायका कृषकलाई अनुदान उपलब्ध गराउने सम्बन्धि कार्यविधि, २०७१ बमोजिम |
| २. | व्यवसाय अनुदान | रु. १ लाख नबढ्ने गरी ८५ प्रतिशत अनुदान | विदेशबाट कृषि सम्बन्धी तालिम लिई स्वदेशमा व्यवसाय संचालन गर्ने उद्यमीलाई प्रोत्साहन तथा अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७१ बमोजिम |
| ३. | व्यसाय संचालन | | कृषि विभाग अन्तर्गत संचालित युवा लक्षित कार्यक्रम कार्यान्वय कार्यविधि, २०७१ बमोजिम |

सचिव

८.**कार्य सम्पन्न प्रतिवेदन** : कार्यक्रम पूर्णरुपले सम्पन्न भईसकेपछि सम्बन्धित जिल्लाका संयोजकले तोकिएको ढाँचा बमोजिम कार्यसम्पन्न प्रतिवेदन प्रतिवेदन पेश गर्नुपर्नेछ । जिल्ला कृषि विकास कार्यालयले जिल्लामा संचालित यस्ता लक्षित कार्यक्रमको प्रगति कम्पाईल गरी मासिक, चौमासिक र बार्षिक रुपमा प्रगति प्रतिवेदन तयार गरी सम्बन्धित क्षेत्रीय कृषि निर्देशनालयलाई पेश गर्नुपर्नेछ । सम्वन्धित क्षेत्रीय कृषि निर्देशनालयले जिल्लाबाट प्राप्त प्रगति कम्पाइल गरी मासिक/चौमसिक/बार्षिक रुपमा कृषि विभागलाई उपलव्ध गराउनु पर्नेछ ।

## परिच्छेद-३

## विविध

९. **अनुगमन तथा मूल्याकन व्यवस्था** : कृषि विकास मन्त्रालय, कृषि विभाग, क्षेत्रीय कृषि निर्देशनालयहरुबाट आवश्यकता अनुसार एवं सम्वन्धित निर्देशनालय र जिल्ला कृषि विकास कार्यालयहरुबाट नियमित अनुगमन गरिने छ । अनुगमन तथा मूल्याकंनको प्रतिवेदन सम्वन्धित कार्यालयहरुमा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

१०. **प्रचलित कानून लागू हुने** : लक्षित कार्यक्रम कार्यान्वयनको सम्बन्धमा प्रचलित कानूनमा उल्लेख भएकोमा सोही बमोजिम तथा उल्लेख नभएको कार्यक्रमको हकमा यसै कार्यबिधि बमोजिम कार्यान्वयन हुनेछ ।

११. **कार्यबिधि संशोधन तथा परिमार्जन** : कृषि बिकास मन्त्रालयले यस कार्यबिधिमा आवश्यक परिमार्जन एवं संशोधन गर्न सक्नेछ ।

१२. **बिमा** : लक्षित कार्यक्रमको सम्भाव्यताको आधारमा विमा गराउनु पर्नेछ ।

१३. **खारेजी तथा बचाउ** : कृषि विकास मन्त्रालयले आवश्यकता अनुसार यस कार्यविधिमा विधिपूर्वक संसोधन तथा खारेजी गर्न सक्नेछ ।

सचिव

## अनुसूची - १

*दफा २ (क) बमोजिम*

### भुमिहिन सिमान्तकृत समूदाय लक्षित कार्यक्रम संचालनका लागि पहिलो चरणमा लक्षित समुदायहरु

१. मुसहर
२. चेपाङ्ग
३. राउटे
४. मुक्त हलिया, कम्लरी र कमैया



सचिव

## अनुसूची-२

*दफा २ (घ) सँग सम्बन्धित*

### सिमान्तकृत समूदाय लक्षित कार्यक्रम संचालनका लागि पहिलो चरणका जिल्लाहरु

१. कञ्चनपुर
२. कैलाली
३. बाँके
४. डडेल्धुरा
५. बर्दिया
६. दाङ्ग
७. गोरखा
८. धादिङ्ग
९. सर्लाही
१०. सिराहा

सचिव

अनुसूची-३

*दफा ७ (क) सँग सम्बन्धित*

**लक्षित कार्यक्रमको प्रस्ताव आव्हानको सूचनाको ढाँचा**

**सूचना । सूचना ॥ सूचना ॥।**

यस कार्यालयलाई प्राप्त खर्च गर्ने अख्तिारी बमोजिम आ.व. २०...../.... को वार्षिक स्वीकृत कार्यक्रम अनुसार सिमान्तकृत समुदायका युवा तथा कृषकहरुका लागि कृषि सम्बन्धी व्यसायिक कार्यक्रमबाट स्थानीयस्तरमा रोजगारी तथा खाद्यसुरक्षा प्रवर्द्धन गर्ने कार्यक्रम रहेको हुँदा ईच्छुक महानुभावहरुद्वारा दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले **१५** दिन भित्र तपसिल बमोजिमको कागजातहरु तयार गरी पेश होला । पूनश्चः आसय पत्र तयारीमा कुनै कठिनाई भएमा कृषि विकास कार्यालयबाट प्रस्तुत कार्यक्रम हेर्ने संयोजकले आवश्यक सहजीकरण गर्नुहुने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

**तपशिल**

१. अनुसूची ४ बमोजिमको आसयपत्र ।

२. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि ।

३. सम्बन्धित गा.वि.स. तथा नगरपालिकाको सिफारिस ।

४. अन्य प्रमाणित प्रमाण पत्रहरु (तालिम, शैक्षिक योग्यता आदी) को प्रतिलिपिहरु ।

सचिव

## अनुसूची - ४
*दफा ७ (ख) सँग सम्बन्धित*

### आसयपत्र/संक्षिप्त कार्य योजना

उद्यमी युवा/युवतीको नाम थर :

ठेगाना : .................. गाउँ/टोल : .................... वार्ड नं. : ....... गा.वि.स. : ................

जिल्ला : ...................

संचालन गर्न खोजेको ............ सम्बन्धि व्यवसाय र स्थान :

सहयोग स्वरुप माग गरेको अनुदान रकम/लगानी :

आफ्नो लगानि :

आफ्नो पारिवारिक श्रम :

व्यवसायबाट उत्पादन हुने वस्तु :

उत्पादित कृषि बस्तुको परिमाण :

बजारयोग्य परिमाण :

व्यवसायले वातावरणमा नकारात्मक प्रभाव पार्छ/पार्दैन ?

फर्म/समूह/समिति/सहकारीको नाम : सम्पर्क नम्बर:

ठेगाना: गाउं/टोल वडा नं. गा.वि.स. जिल्ला

व्यवसाय संचालन गरिने स्थान :

संचालन गरिने कार्य विवरण:

| क.सं. | संचालन गरिने क्रियाकलाप | अनुदान सहयोग | नीजि लगानि | जम्मा लगानि |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

व्यवसाय गरेको भए, विगत कति वर्ष देखि ......... निरन्तर गरि रहेको? वर्ष.........महिना.......

व्यवसायको लागि श्रमको व्यवस्थापन : क) पारिवारिक ख) बाहिर बाट ग) दुवै

तर्फ बाट सहि गर्नेको

नाम : संस्थाको छाप: (संस्थाको हकमा)

पद :

दस्तखत : मिति :

सचिव

अनुसूची - ५
*दफा ७ (ग) सँग सम्बन्धित*

# आसयपत्र मूल्यांकन फाराम

| क.स. | मूल्यांकन आधार | अधिकतम अंक | प्राप्तांक |
|---|---|---|---|
| १ | व्यवसाय प्रतिको अनुभव/तालिम | २० | |
| | सम्बन्धित विषयमा तालिम लिएको | २० | |
| | सम्बन्धित विषयमा तालिम नलिएको | १० | |
| २ | सामूहिक खेती | २० | |
| | सामूहिक खेती (२ वा २ भन्दा बढि) | २० | |
| | एकल खेती | १० | |
| ३ | व्यवसायिक/स्वरोजगार सम्भावना | २० | |
| | स्वरोजगार हुने सम्भावना भएको | २० | |
| | स्वरोजगार हुने सम्भावना कम भएको | १० | |
| ४ | दिगोपना | ३० | |
| | आर्थिक र प्राविधिक रुपले दिगोपना भएको | ३० | |
| | आर्थिक र प्राविधिक रुपले कम दिगोपना भएको | १० | |
| ५ | हालसम्म सेवा पाएको/नपाएको | १० | |
| | कृषि विकास मन्त्रालयको कुनै पनि निकायबाट सेवा/अनुदान नपाएको | १० | |
| | कृषि विकास मन्त्रालयको कुनै पनि निकायबाट सेवा/अनुदान पाएको | ५ | |

छनौट समितिका पदाधिकारीहरुको नाम, थर, पद, दस्तखत र मिति :

१.

२.

३.

सचिव

## अनुसूची - ६

*दफा ७ (ग) सँग सम्बन्धित*

## सम्झौता-पत्र

कृषि विकास मन्त्रालय अन्तर्गतको जिल्ला कृषि विकास कार्यालय ........ मार्फत संचालन गरिने चालु आ.व. .............. को स्वीकृत लक्षित कार्यक्रम संचालन गर्न जिल्ला कृषि विकास कार्यालय, (यस भन्दा पछाडि पहिलो पक्ष भनिने), विशिष्टताको आधारमा छनौट भएका कृषक श्री/सुश्री/श्रीमती ................................................... (यस भन्दा पछाडी दोश्रो पक्ष भनिने) बीच तपशिलका शर्तनामाहरु गरी गराई कार्यक्रम सम्पन्न गर्न सम्झौता/सहमति भएको छ ।

१. पहिलो पक्षले दोश्रो पक्षलाई व्यवसाय संचालनको लागि आसयपत्र अनुसार २ किस्तामा सामाग्री वा सोझै नगद/ड्राफ्ट/चेक अनुदान स्वरुप उपलब्ध गराउने छ ।

२. दोश्रो पक्षले पहिलो पक्षवाट आवश्यक प्राविधिक प्राप्त गरी आफूले आवेदन गरे अनुसारको लक्षित व्यवसाय संचालन गर्नेछ ।

३. पहिलो पक्षले नियमित रुपमा व्यवसाय संचालन गरे नगरेको अनुगमन गर्नेछन् ।

४. यस सम्झौता उल्लेखित काम गर्दा परि आउन सक्ने कुनै पनि प्राकृतिक प्रकोप/ भवितव्यको पूर्ण जिम्मेवारी दोश्रो पक्ष स्वयं आफै हुनेछ ।

५. यस सम्झौतामा उल्लेख भए भन्दा अन्य व्यहोराको हकमा प्रचलित नियम कानुन बमोजिम हुने छ ।

**पहिलो पक्ष**

जिल्ला कृषि विकास कार्यालयको तर्फवाट सहि गर्नेको
गर्नेको

नाम :

पद :

दस्तखत :

मिति :

कार्यालयको छाप :

सम्पर्क फोन नं. :

**दोश्रो पक्ष**

युवा उद्यमी वा संस्थाको तर्फवाट सहि

नाम :

पद :

दस्तखत :

मिति :

औठाको छाप :

दायाँ बायाँ.

साक्षी:

संयोजक : श्री ......................

दस्तखत :

कार्यालयको छाप :